# पाठ ६

# पतिको कर्तव्य

आफूले मन पराएकी केटीले आफूसँग विवाह गर्नका लागि राजी भईन् भन्ने असल खबर सुनाउन एक जवान केटा दौड़ेर आफ्ना आमा-बाबुकहाँ गए। तर आफ्नो छोराले आशा गरेको जस्तो जवाफ निदिई उनका बाबुले उनलाई सोधे, "छोरा त्यो केटी *अहिले जस्ती* छ, त्यसको कारणले मात्रै तैंले त्यसलाई प्रेम गरेको होस् कि वा त्यो कस्ती *हुन सक्छे* त्यसको लागि पनि प्रेम गरेको होस्?"

जवान पतिको हैसियतले घरमा विभिन्न बेमिलापहरू मिलाउँदै जाँदा, यी मानिस आफ्ना बाबुका वचनको बुद्धिप्रति अति कृतज्ञ बने

पतिको कामलाई बाइबलमा ख्रीष्टको प्रेम र एकलेसियाको निम्ति भएको सरोकार– स्वबलिदान र संरक्षणको कार्यसँग तुलना गरिएको छ। ख्रीष्टले हामीलाई जस्तो भएको चाहनुहुन्छ सो गुण हामीमा देख्नुहुन्छ, तर हामीजस्ता छौं, त्यस्तै नै उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र स्वीकार्नु हुन्छ।



प्रत्येक ख्रीष्टियान पतिको आफ्नै सपना र उद्देश्यहरू हुन्छन् र आनन्दित परिवारमा यी पूरा भएको ऊ देख्न चाहन्छ। परमेश्वरले आफूलाई दिनुभएको कार्यलाई पूरा गर्ने क्रममा एक व्यक्तिले घरलाई कसरी सुरक्षित राख्न सक्छ भन्ने सम्बन्धमा यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

घरको मालिक हुनु
आफ्नी पत्नीलाई प्रेम गर्नु
आफ्नो परिवारको हेरचाहा गर्नु।

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- *पति* शब्दलाई परिभाषित गर्न।
- घरमा पतिको स्थानलाई परिचित गर्न।

- पति र बाबुको हैसियतले आफ्ना जिम्मेवारीहरूलाई उचित किसिमले पूरा गरी खतराबाट उसले आफ्नो घरलाई कसरी जोगाउन सक्छ सो वर्णन गर्न।

## घरको मालिक हुनु

### *पतिको अर्थ*

नेपाली शब्द *पतिको* अर्थ शिर वा मालिक हो, र अन्य भाषाहरूमा यसको अर्थ हेर्दा पतिचाहिँ त्यो हो जसले घरलाई एकैसाथ बाँध्ने काम गर्छ।

आज हामी *पतिलाई* वैवाहिक जीवनमा पुरुषको स्थान प्राप्त गर्ने व्यक्तिको रूपमा मात्र विचार गर्छौं, तर प्रायःजसो पूरै परिवार नै त्यस व्यक्तिमा भर परेको हुन्छ। कहिलेकहीँ हामी ख्रीष्टलाई घरको शिरको रूपमा सम्बोधन गर्छौं, जसको अर्थ यही नै हुन्छ कि उहाँका शिक्षाहरूको प्रभाव घरमा हुन्छ। तर पतिचाहिँ घरको *देखिने* शिर हुन् र परमेश्वरको वचनका सिद्धान्तहरू त्यहाँ अभ्यास गरिएको छ भनी हेर्ने जिम्मेवारी उनमा हुन्छ। "हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ र स्त्रीको शिरचाहिँ तिनको पति हो" (१ कोरिन्थी ११:३)।

**तपाईंको अभ्यासको निम्ति**

**१** पति शब्दको अर्थ के हो? ..........................................

### परमेश्वरले दिनुभएको जिम्मेवारी

आदमको निम्ति सहयोगी हुनका लागि परमेश्वरले हव्वालाई सृष्टि गर्नुभएपछि परिवारको शिरको हैसियतले मानिस परमेश्वरप्रति

जिम्मेवारी छ। उसले आफ्नो परिवारको हेरचाहा गर्नुपर्छ र आफ्नो घरमा भएका कुराको निम्ति ऊ परमेश्वरमाथि जवाफदेही हुनुपर्छ। "किनकि पति पत्नीको शिर हो, जसरी ख्रीष्ट एकलेसियाको शिर हुनुहुन्छ" (एफिसी ५:२३)।

पतिले पत्नीलाई कमारालाई झैँ व्यवहार गर्नुपर्छ भन्ने यसको अर्थ हुँदैन। तर जे ठीक छ, त्यसैको निम्ति ऊ खड़ा हुनुपर्छ। मनाही गरिएको फल हव्वाले खाइन्, आदमलाई पनि यो दिइन्, र उनले त्यो खाए। तर त्यस घरको पति आदमलाई नै परमेश्वरले यस बारेमा प्रश्न सोध्नुभयो। आदमले हव्वालाई दोष दिने प्रयास गरे तापनि, ती दुवैमाथि दण्ड आयो। घरको शिरको हैसियतले परीक्षामाथि विजय प्राप्त गर्ने उदाहरण पति नै हुनुपर्छ र परिवारका सदस्यहरूलाई विजयतर्फ डोऱ्याउनुपर्छ। हाम्रा आफ्नै भूल र पापका निम्ति अरूहरूलाई दोष्याउने प्रयासद्वारा हामी कुनै पनि असल कुरा प्राप्त गर्न सक्दैनौं।

**तपाईंको अभ्यासको निम्ति**

२ पत्नीको शिर पति हो भनी बाइबलले केसँग तुलना गरेको छ? ..................................................................
..................................................................

## आफ्नी पत्नीलाई प्रेम गर्नु

### एकैसाथ आनन्दित जीवन जिउनु

पत्नी पाउनेले असल कुरा पाउँछ भनी बाइबलले बताउँछ। तिनी परमेश्वरबाटकी आशिष् हुन् भन्ने कुरा उसले विचार

गर्नैपर्छ र तिनको निम्ति परमेश्वरलाई धन्यवाद दिई तिनीसँग आनन्दित हुनुपर्छ। विवाहित व्यक्तिले आफ्नी पत्नीको प्रेम र मित्रतामा आनन्द मनाउनुपर्छ र उसले आफ्नो पूरै समय बाहिरीय क्रियाकलापमा बिताउनुहुँदैन।

हितोपदेश ५:१८-ले पतिहरूलाई असल सल्लाह दिन्छः "तेरो युवावास्थाकी पत्नीसँग तँ आनन्दित हो।" यदि कोही मानिस आफ्नी पत्नीसँग खुशी हुन चाहन्छ भने उसले तिनका असल गुणहरूलाई याद गर्नुपर्छ र आफू तीप्रति कृतज्ञ भएको कुरा तिनलाई अवगत गराउनुपर्छ। यदि तिनले असल खाना बनाउँछिन् भने त्यसप्रति कृतज्ञ हुनाले केही नोक्सानी हुँदैन। यदि तिनी सुन्दरी छिन् भने तिनका पतिले तिनलाई त्यसै भन्न सक्छन्। आफ्नी पत्नीका भूलहरूलाई घरीघरी दोहोऱ्याउने पतिले तिनीसँग यस्तो व्यवहार गरेको हुन्छ, जुन व्यवहार अरूले आफूसँग गरेको ऊ चाँहदैन। पति र पत्नीले आफ्ना भूलहरूमाथि विजय प्राप्त गर्नका लागि तिनीहरूलाई एक-अर्काको प्रेम र उत्साहको आवश्यकता पर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**३** पतिले आफ्नी पत्नीसँग आनन्दित सम्बन्ध स्थापना गर्नका लागि अपनाउनु पर्ने तीन तरीकाहरूको उल्लेख गर्नुहोस्।

..............................................................................

..............................................................................

## निस्स्वार्थी भई तिनलाई प्रेम गर्नु

बाइबलले हामीलाई प्रेमको बारेमा धेरै बताएको छ— हाम्रो निम्ति भएको परमेश्वरको प्रेम, परमेश्वरको निम्ति भएको

हाम्रो प्रेम र अरू मानिसहरूका निम्ति भएको हाम्रो प्रेम। यसले हामीलाई सिकाउँछ, कि आफ्नी पत्नीको निम्ति भएको पतिको प्रेम विशेष किसिमको प्रेम हो, जुनचाहिँ अरूभन्दा फरक हुन्छ। मृत्युले तिनीहरूलाई अलग नगरुञ्जेलसम्म सारा संसारमा तिनी मात्र उसकी जीवन साथी (पत्नी) हुन्। उसले आफ्नै अङ्गको रूपमा तिनलाई प्रेम गर्नैपर्छ।

> निस्स्वार्थी प्रेमको उत्तम उदाहरणचाहिँ उहाँको एकलेसिया, अर्थात् हाम्रो निम्ति भएको ख्रीष्टको प्रेम हो। उहाँले हाम्रो निम्ति आफ्नो जीवन दिनुभयो। पतिहरूले पनि आफ्नी पत्नीहरूलाई यसरी नै प्रेम गर्नुपर्छ भनी बाइबलले बताउँछ। "पति हो, आफ्ना पत्नीहरूलाई यसरी नै प्रेम गर, जसरी ख्रीष्टले पनि एकलेसियालाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो" (एफिसी ५:२५)।



कुनै-कुनै ठाउँहरूमा मानिसहरूले आफ्नी पत्नीहरूलाई आफूले किनेको सम्पत्तिको टुक्राजस्तो गरी व्यवहार गर्छन्। तिनीहरूमाथि आफूले खर्च गरेको रुपियाँपैसाको कारणले नै उनीहरूलाई वास्ता गरेका हुन्छन्। तर बाइबलले सिकाउँछ कि

आफूले आफ्नी पत्नीलाई प्रेम गरेको कारणले नै एक व्यक्तिले तिनको हेरचाहा गर्नुपर्छ।

> ''पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो एकलेसियाको निम्ति गर्नुहुन्छ'' (एफिसी ५:२८-२९)।

यदि कुनै मानिसले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर्छ भने उसकी पत्नीलाई जे कुराले चित्त दुखाउँछ त्यसले उसलाई पनि चित्त दुखाउँछ। उसले तिनलाई खतरा र दुःखबाट बचाउने कोशिश गर्छ र आफ्नो भन्दा पनि आफ्नी पत्नीको भलाइको बारेमा सोच्छ।

मानिसले आफ्नी पत्नीको निम्ति यस्तो किसिमको प्रेम धेरै किसिमले देखाउन सक्छः तिनीसँग कठोर किसिमले बोल्नुको सट्टा तिनीप्रति भला, दयालु र विचारशील हुने। कलस्सी ३:१९-मा हामी यसरी पढ्छौंः ''पति हो, आ-आफ्ना पत्नीहरूलाई प्रेम गर र तिनीप्रति कठोर नहोओ।'' तिनका खाँचोहरूलाई पूरा गरिदिएर, तिनलाई खुशी पार्ने कोशिश गरेर, ''म तिमीलाई माया गर्छु'' भनी पतिले व्यवहारद्वारा देखाउन सक्छन्। यदि मानिसले आफूलाई मन परेको थोक किन्नका लागि कहिलेकहीँ अलि-अलि पैसा खर्च गर्छ भने, उसले आफ्नी पत्नीलाई पनि त्यसो गर्न दिनैपर्छ। आफ्नी पत्नीलाई बेला-बेलामा केही थोक किनिदिएर उसले आफ्नो प्रेम र कृतज्ञता प्रकट गर्नुपर्छ।

यदि पति र पत्नी जीवनभर एकैसाथ रहन र आफ्नो सम्बन्धमा दिनदिनै बलियो हुन चाहन्छ भने एक-अर्काको निम्ति तिनीहरूले निस्स्वार्थ प्रेमलाई बढ़ाउनै पर्छ।

पति र पत्नीको बीचमा भएको साँचो प्रेमले तिनीहरूको घरलाई धेरै खतराहरूबाट सुरक्षा गर्छ। आफ्नी पत्नीलाई प्रेम गर्ने पतिले अन्य स्त्रीहरूसँग शारीरिक सम्बन्धहरू जोड्ने प्रयास गर्दैन। उसले आफूलाई पवित्र राख्छ।

परिवारहरूले नै प्रबन्ध मिलाइदिएका विवाहहरूमा शुरूमा यस्तो किसिमको प्रेम पाइँदैन होला, तर यसलाई वृद्धि गर्न सकिन्छ। परमेश्वरले यस्तो किसिमको प्रेम दिन सक्नुहुन्छ।

पति र पत्नीको बीचमा उब्जेको समस्या र तनावहरूले तिनीहरूको प्रेमलाई कमजोर बनाउन शुरू गऱ्यो भने, तिनीहरू प्रार्थनामा परमेश्वरकहाँ जानुपर्छ। सबै साँचो प्रेमको श्रोत, परमेश्वरमा पूर्ण रूपले समर्पित गरिएको जीवनले विवाहित दम्पत्तिको बीचमा प्रेमलाई बलियो पार्न सक्छ। जसले जति धेरै आफूलाई परमेश्वरकहाँ दिन्छ, उसको परिवारको निम्ति अझ धेरै प्रेम परमेश्वरले उसलाई दिनुहुन्छ, र घर पनि त्यत्ति नै धेरै आनन्दित हुन्छ। कसैले यसो भनेका छन्ः "एकैसाथ प्रार्थना गर्ने परिवार एकैसाथ रहन्छ।"

**तपाईंको अभ्यासको निम्ति**

**४** एफिसी ५ः२५ र कलस्सी ३ः१६ कण्ठ गर्नुहोस् र कसैको सामुन्ने त्यसलाई मुखस्थ भन्नुहोस्।

**५** के कुराले घरलाई धेरै खतराहरूबाट जोगाउन सक्छ?

........................................................................

**६** घरमा तनाव र समस्याहरूले आफ्नो प्रेमलाई कमजोर पार्ने धम्की दिएका छन् भने पति र पत्नीले के गर्नैपर्छ? ........

........................................................................

**तिनलाई आदर र इज्जत दिनु**

प्रेमले आदर र इज्जत उत्पन्न गर्छ। अरूहरूका अगाडि पतिले कहिल्यै पनि आफ्नी पत्नीलाई निन्दा, आलोचना वा गाली गर्नुहुँदैन। विवाह गर्नुभन्दा पहिले उनले तिनीसित जस्तो व्यवहार गर्थे अहिले पनि त्यस्तै भद्र व्यवहार गर्नैपर्छ।

> पति हो... आफ्ना पत्नीसँग विचारशील भएर बस, र स्त्रीलाई अबला ठानी आदर गर्ने गर, किनकि तिमीहरू जीवनका अनुग्रहका साझेहकदार हौ, यस हेतुले कि तिमीहरूका प्रार्थनामा बाधा नपरोस् (१ पत्रस ३:७)।

आफ्नी पत्नीसँग ठीक व्यवहार नगर्नाले पतिको प्रार्थनाको उत्तर रोकिन्छ भनी यस पदले सिकाउँछ।




घरको शिर पति हो, तर हामी भन्न सक्छौं कि पत्नीचाहिँ घरको मुटु (हृदय) हो। शिर र मुटु एक-अर्काविना बाँच्न सक्दैनन्। पति र पत्नीलाई एक-अर्काको खाँचो छ, र तिनीहरू एकैसाथ प्रेम, विचारशीलता, ईमानदारी र भरोसाको ढुङ्गेनी जगमा घर निर्माण गर्न सक्छन्।

**तपाईंको अभ्यासको निम्ति**

७ के कुराले मानिसको प्रार्थनाको उत्तर रोकिन्छ?

..........................................................................

८ घरको शिर पति हो। पत्नीचाहिँ को हो भनी हामी भन्न सक्छौं?..............................................................

### तिनलाई सुरक्षा र हेरचाहा गर्नु

१ पत्रस ३:७-ले स्त्रीलाई कमजोर साथी भनी सम्बोधन गरेको छ। पतिले आफ्नी पत्नीलाई सुरक्षा र हेरचाहा गरेको परमेश्वर चाहनुहुन्छ। तिनको सान्त्वना र स्वास्थ्यको निम्ति बेला-बेलामा तिनलाई विशेष वास्ता र हेरचाहा चाहिन्छ। घरमा काम गर्नु स्त्रीको जिम्मेवारी नै हो, तर मानिसले चाहिँ आफ्नो समय व्यर्थै खेर फाल्ने र स्त्रीले मात्र सबै काम गर्नुपर्ने कुरा बाइबलले सिकाउँदैन।

**तपाईंको अभ्यासको निम्ति**

९ बाइबलले स्त्रीलाई कमजोर सहयोगीको रूपमा सम्बोधन गरेको हुनाले, पतिले के गरेको परमेश्वर चाहनुहुन्छ?

..............................................................

### तिनीप्रति विश्वासयोग्य हुनु

बाइबलले स्पष्टसँग सिकाएको छ, कि मानिस आफ्नी पत्नीसँग बस्नुपर्छ, र अरू स्त्रीहरूका पछि लाग्नुहुँदैन। मलाकी २:१५-मा हामी पढ्छौं, "यसैले तिमीहरू आफ्नो आत्माको विषयमा सचेत रहो, र कसैले आफ्नो जवानीपन स्वास्नीलाई धोखा नदेओस्।"

यदि कुनै स्त्रीको गर्भबाट छोराछोरी जन्मिएनन् भने के गर्ने त? पुरानो करारमा हामी हन्ना र एल्कानाको कथा

पढ्छौं। हन्नाले एल्कानालाई बालक जन्माइदिन सकेकी थिइनन्, तर त्यसको कारण उनले तिनलाई दोष लगाउने व धपाउने गरेनन्। उनले तिनलाई प्रेम गरी नै रहे। तर हन्नाले छोराको ठूलो इच्छा गरिन् र तिनी परमप्रभुको घरमा गएर आफ्नो हृदय परमेश्वरको अगाडि पोखिन्। अनि परमप्रभुले सुन्नुभयो र तिनको प्रार्थनाको उत्तर दिनुभयो। "हन्ना गर्भवती भइन्, र बेला पुगेपछि तिनले एउटा छोरो जन्माइन्, अनि त्यसको नाउँ शमूएल राखिन्, किनभने "मैले त्यसलाई परमप्रभुसँग मागेकी हुँ' भनी तिनी भन्थिन्'' (१ शमूएल १:२०)।

### तपाईंको अभ्यासको निम्ति

**१०** परमेश्वरप्रति र एक-अर्काप्रति विश्वासयोग्य हुने बालकविहिन दम्पत्तिलाई बाइबलमा परमेश्वरले के गर्नुभयो?

..........................................................................

**११** परमेश्वरले कसको प्रार्थनालाई आदर गर्नुभयो?

..........................................................................

## आफ्नो परिवारको हेरचाहा गर्नु

### शारीरिक आवश्यकताहरूलाई जुटाउनु

मानिसले काम गरेर आफ्नो परिवारको पालनपोषण गरेको परमेश्वर चाहनुहुन्छ। तिनीहरूका खाना, वास, लुगाफाटा र शिक्षाका निम्ति उनी जिम्मेवारी हुन्छन्। आफ्ना छोराछोरीले काम गर्न सिकेका कुरा पनि उनले हेर्नुपर्छ र यसरी तिनीहरूले आफ्नो जीविका आफै धान्न सक्छन् (१ तिमोथी ५:८ हेर्नुहोस्।)।



## तपाईंको अभ्यासको निम्ति

१२ १ तिमोथियस ५:८ कण्ठ गर्नुहोस्।

### आत्मिक आवश्यकताहरूलाई जुटाउनु

हामीले हेरिसकेका छौं कि परमेश्वरको बारेमा आफ्नो परिवारलाई सिकाउने कर्तव्य बाबुको नै हो। प्रेरित पौलसले १ कोरिन्थी १४:३५-मा यस विषयमा ध्यान आकर्षित गरेका छन्। कहिलेकहीँ स्त्रीहरूले परमेश्वरको वचन नबुझ्दा एकलेसिया सेवामा पतिहरूलाई बोलाएर प्रश्न सोध्ने गर्थे। स्त्रीहरू चूपचाप रहनुपर्छ र सेवामा बाधा पुऱ्याउनुहुँदैन, तर घरमा पुगेपछि आ-आफ्ना पतिहरूलाई प्रश्न सोध्नुपर्छ भनी पौलसले आज्ञा दिएका थिए।

छोराछोरीलाई तालीम दिने जिम्मेवारी पतिको पनि हो। छोराछोरीको नैतिक र आत्मिक वृद्धि आमा-बाबुको उदाहरण र

शिक्षामा भर पर्छ। हितोपदेश १७:२५-मा हामी पढ्छौं: मूर्ख छोराले आफ्ना बाबुमाथि अफसोस, र त्यसलाई जन्माउनेमाथि तीतोपन ल्याउँछ।'' तर बुद्धिमानी छोराले बाबुलाई हर्षित तुल्याउँछ'' (हितोपदेश १५:२०)। मूर्ख छोरा र बुद्धिमानी छोराको बीचको भिन्नता प्रायःजसो बाबुहरूले तिनीहरूका छोराहरूलाई दिएका शिक्षाको भिन्नता हो। हितोपदेश १९:१८-ले प्रत्येक बाबुलाई सम्झना दिलाउनैपर्छ: ''आफ्नो छोरालाई ताड्ना दे, किनकि त्यसमा आशा हुन्छ, त्यसको मृत्युमा राजीखुशीले सहयोगी नहोऊ।''

**तपाईंको अभ्यासको निम्ति**

**१३** **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क** छोराछोरीको आत्मिक आवश्यकता जुटाउने जिम्मेवारी बाबुको हो भने आमाको जिम्मेवारीचाहिँ तिनको आफ्नै आत्मिक आवश्यकता पूरा गर्नु हो।

**ख** आफ्ना छोराछोरीको तालीममा आमा-बाबु दुवैको जिम्मेवारी भए तापनि, घरको शिर बाबुको जिम्मेवारी ठूलो हुन्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

७ यदि उसले आफ्नी पत्नीसँग प्रेम र आदरसाथ व्यवहार गरेन भने।

१ *शिर, वा मालिक।*

८ घरको मुटु।

२ एकलेसियाको शिर ख्रीष्ट हुनुहुन्छ।

९ तिनलाई सुरक्षा गर्नु र तिनको हेरचाहा गर्नु।

३ कुनै तीनवटाः तिनलाई माया गरेर, उत्साह दिएर, तिनीसँग समय बिताएर, आफू तिनीप्रति कृतज्ञ भएको अवगत गराएर, तिनका भूलहरूका याद नगरेर

१० उहाँले तिनीहरूलाई छोरा दिनुभयो।

४ तपाईंले पदलाई कण्ठ गरिदिनुभएपछि, अर्को व्यक्तिको सामुन्ने मुखस्थ भन्नुहोस्।

११ हन्नाको।

५ पति र पत्नीको बीचको साँचो प्रेम।

१२ आफूले पद कण्ठ गरेको निश्चयता भएपछि कसैको अगाड़ि यसलाई मुखस्थ भन्नुहोस्।

६ प्रार्थनामा परमेश्वरकहाँ जानुहोस् र आफ्ना जीवन उहाँमा पूर्ण समर्पित हुनुपर्ने सम्बन्धमा निश्चित हुनुहोस्।

१३ क. बेठीक
ख. ठीक